मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : ७३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १५ गते बिहीबार (Thursday, 29 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## देशभर १६ आगलागीका घटना

**काठमाडौँ, माघ १४।** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, माघ १२ गते बिहानदेखि मङ्गलबार बिहानसम्म देशभर विपद्का २० वटा घटना भए ।

त्यसमध्ये कूल १६ वटा आगलागीका घटना भएका छन् । यस्तै, चार वटा जनावर आक्रमणका घटना भए । प्राधिकरणका अनुसार, विपद्मा परेर दुई जनाको ज्यान गयो भने पाँच जना घाइते भए । यस्तै, विपदका कारण रु. २६ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## बैंकमा थुप्रिएको नौ खर्ब किन चुनौति बन्दैछ ?

**काठमाडौँ, माघ १४।** अधिक तरलता व्यवस्थापन अहिले समग्र बैंक तथा वित्तीय क्षेत्रले सामना गर्नुपरेका चुनौति बनेको छ ।

देशका विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स क्षेत्रमा सर्वसाधारण जनताको सङ्कलन भएको निक्षेप अहिलेसम्मकै उच्च तहमा पुगेको हो । बैंकिङ प्रणालीमा लगानी गर्न सकिने करिब रु नौ खर्ब रहेको नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलले जानकारी दिए ।

ब्याजदर न्यून तहमा कायम गरिँदा पनि पनि कर्जाको मागमा अपेक्षित सुधार आउन नसकेकाले यस क्षेत्रमा चुनौति बढेको हो । बजारमा कर्जाको माग नै नभएको अवस्थामा बढ्दो जोखिमका कारण बैंकहरूले पनि लगानीमा कडाइ गर्दा निक्षेप थुप्रिन पुगेको हो । बजारमा चाहिनेभन्दा बढी लगानीयोग्य रकम बैंकहरूमा थुप्रिएकाले पनि अहिले पैसा भएर पनि राज्य गरिब भएजस्तो अवस्थामा पुगेको छ । पछिल्लो समयमा रेमिट्यान्स प्रवाहमा सुधार आएकाले निक्षेप थपिने क्रम जारी छ ।

निक्षेप अत्यधिक हुनुले बैंकहरू घाटामा जाने अथवा डुब्ने अवस्थामा नपुग्ने तर पुँजी वृद्धिमा समस्या हुने उनी बताउँछन् । उनी भन्छन्- अत्यधिक निक्षेप बैंकहरूका लागि चिन्ताको विषय हो तर, बैंकहरूले विभिन्न क्षेत्रमा लगानी गरेर नाफा कमाउन सक्छन् । केन्द्रीय बैंकले विभिन्न योजना तथा कार्यक्रममार्फत कर्जा प्रवाहका लागि व्यवसायीलाई उत्साहित बनाउने प्रयास गरिरहेको छ ।

राजनीतिक अस्थिरतासँगै उत्पन्न हुने अवस्था, विभिन्न समयमा आन्दोलन, छोटो समयमा हुने सरकार परिवर्तन तथा सरकारले अवलम्बन गर्ने नीति तथा कार्यक्रमजस्ता विषयले पनि केही हदसम्म बैंकका नियमित कार्य प्रभावित हुने गरेको पाइएको छ । यस्ता अवसरको उच्चतम् सदुपयोग गर्दै बैंक अगाडि बढ्नुपर्छ । बैंकले लगानी विस्तार गरी जनआकांक्षा अनुरूपका सेवा सुविधा प्रदान गरेर ग्राहकलाई सन्तुष्ट बनाउने कार्यले हुने वित्तीय गतिविधिले नै देशको अर्थतन्त्र चलायमान हुने गर्दछ । बैंकलाई आमनेपाली जनताले विश्वास गर्छन् ।

मुलुकभर ससाना एकाइमा छरिएको पुँजीलाई एकीकृत गरेर बैंकले विभिन्न उत्पादनशील क्षेत्रमा लगानी गर्ने गरेका हुन्छन् । स्थानीय स्रोतसाधनको सही सदुपयोग गरी लघुउद्यम सञ्चालन गर्न चाहने जनतालाई बैंकले सहयोग गरिरहेको छ । वित्तीय चेतनाको कमीले विगतमा ठूलठूला व्यापारी र व्यवसायीका लागि मात्रै बैंक स्थापना गरिएको हो भन्ने बुझाइ समाजमा थियो । बैंक स्थापनापछि पनि वित्तीय सक्षारताको अभावमा सर्वसाधारण नागरिकले

(बाँकी अन्तिम पृष्ठमा)

### निर्वाचन सुरक्षाः ६ जिल्ला उच्च निगरानीमा

# झापामा सुरक्षा संयन्त्र 'हाइ अलर्ट'

**झापा, माघ १४।** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै नेपाल प्रहरीले देशभर सुरक्षा संयन्त्रलाई सशक्त बनाएको छ ।

निर्वाचन आयोगले उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिसकेको भए पनि प्रचार-प्रसारका गतिविधि अनौपचारिक रूपमा तीव्र बन्दै गएपछि प्रहरीले सम्भावित जोखिमको मूल्यांकन गर्दै अतिरिक्त सुरक्षा योजना कार्यान्वयनमा ल्याएको हो ।

केन्द्रीय प्रहरी नेतृत्वले प्रदेश तथा जिल्ला तहका सुरक्षा निकायसँग समन्वय गरी दैनिक रूपमा सुरक्षा अवस्थाको विश्लेषण गरिरहेको प्रहरी स्रोत बताउँछ । संवेदनशीलता र सम्भावित चुनौतीका आधारमा देशभर ६ जिल्लालाई उच्च सुरक्षा चुनौतियुक्त क्षेत्रका रूपमा सूचीकृत गरिएको छ ।

प्रारम्भिक मूल्यांकन अनुसार ती जिल्लामा उम्मेदवारको राजनीतिक हैसियत, अघिल्ला निर्वाचनका अनुभव, सामाजिक-राजनीतिक तनाव र स्थानीय गतिविधिलाई मुख्य आधार बनाइएको छ । उच्च निगरानी सूचीमा परेका जिल्लामा अतिरिक्त प्रहरी टोली परिचालन गरिएको छ भने नियमित जनशक्ति अपुग हुने स्थानमा गण र गुल्मबाट सहयोगी टोली पठाइएको छ ।

उच्च निगरानीमा राखिएका जिल्लामध्ये एक जिल्लामा पूर्वप्रधानमन्त्री तथा ठूला राजनीतिक दलका शीर्ष नेताहरूबीच प्रतिस्पर्धा हुने देखिएको छ । सोही कारण त्यहाँ निर्वाचन गतिविधि लक्षित निगरानी बढाइएको प्रहरी स्रोतको भनाइ छ । यद्यपि, केही 'हाइ प्रोफाइल' उम्मेदवार हाल जिल्ला बाहिर रहेकाले उनी फर्किएपछि सुरक्षा व्यवस्थापन थप कडाइ गरिने बताइएको छ ।

अन्य उच्च चुनौतिका रूपमा सूचीकृत जिल्लाहरूमा पनि पूर्वप्रधानमन्त्री, प्रमुख दलका शीर्ष नेता तथा प्रभावशाली राजनीतिक व्यक्तित्वहरू उम्मेदवार रहेकाले प्रहरीको ध्यान केन्द्रित छ । कतिपय जिल्लामा पूर्व द्वन्द्वकालीन पृष्ठभूमि भएका उम्मेदवार, फौजदारी अभियोग लागेका व्यक्ति तथा विवादास्पद समूहसँग जोडिएका नेताहरू मैदानमा रहेकाले सुरक्षा संयन्त्र सतर्क बनाइएको छ । केन्द्रीय प्रहरीका अनुसार अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान व्युरो (सीआईवी) र विशेष व्युरोले संयुक्त रूपमा दैनिक सुरक्षा विश्लेषण गर्दै आवश्यक परे तैनाथी




हेरफेर गर्ने योजना बनाइरहेका छन् ।

**सीमावर्ती २२ जिल्ला उच्च जोखिममा**

निर्वाचन सुरक्षाको दृष्टिले भारतसँग खुला सीमा जोडिएका २२ जिल्लालाई प्रहरीले उच्च जोखिमयुक्त क्षेत्र मानेको छ । ती जिल्लामा सशस्त्र प्रहरी बलसँग समन्वय गरी सीमा निगरानी कडा बनाइनेछ । खुला सीमाका कारण हुने अवाञ्छित आवतजावत, अवैध सामग्री ओसारपसार तथा बाह्य हस्तक्षेपको सम्भावनालाई ध्यानमा राखेर विशेष सतर्कता अपनाइएको हो ।

**अघिल्ला घटनाबाट पाठ, दोलखा र स्याङ्जामा सतर्कता**

अघिल्ला निर्वाचनमा मुठभेड र बुथ कब्जाजस्ता घटनाले चर्चामा आएका दोलखा र स्याङ्जामा यसपटक विशेष सतर्कता अपनाउन स्थानीय प्रहरी नेतृत्वलाई निर्देशन दिइएको छ । विगतका अनुभवका आधारमा त्यस्ता घटना दोहोरिन नदिन आवश्यक परे थप सुरक्षा जनशक्ति परिचालन गरिनेछ ।

मतपेटिका ओसारपसार, मतपत्रको सुरक्षा, मतदानस्थल र मतगणना स्थलको सुरक्षाको सम्पूर्ण जिम्मेवारी सम्बन्धित जिल्ला प्रहरी कार्यालयले सम्हाल्नेछन् । प्रत्येक चरणमा जोखिम मूल्यांकनका आधारमा सुरक्षा योजना परिमार्जन गरिने प्रहरीले जनाएको छ ।

डिजिटल माध्यमबाट हुन सक्ने प्रभाव र चुनौतिलाई मध्यनजर गर्दै निर्वाचन आयोग परिसरमै 'कमाण्ड पोष्ट' स्थापना गरिएको छ । उक्त युनिटले अनलाइन प्लेटफर्ममार्फत हुने गतिविधिको निगरानी गर्दै आचारसंहिता विपरीतका गतिविधि नियन्त्रण गर्नेछ । सो प्रयोजनका लागि नेपाल प्रहरीले सूचना प्रविधि निर्देशनालयबाट एक डीएसपीको नेतृत्वमा टोली खटाएको छ ।

प्रहरी स्रोतका अनुसार निर्वाचनको सम्पूर्ण अवधिभर सुरक्षा संयन्त्र 'हाइ अलर्ट'मा रहनेछ । प्रारम्भिक सुरक्षा विश्लेषणअनुसार देशभरिका ६ जिल्लालाई प्रहरीले उच्च सुरक्षा चुनौतियुक्त जिल्लाका रूपमा सूचीकृत गरेको छ । त्यसमध्ये झापा जिल्लालाई पहिलो नम्बरको सुरक्षा चुनौतियुक्त जिल्ला (हाई अलर्ट) का रूपमा लिइएको छ ।

प्रहरी स्रोतका अनुसार झापामा नियमित रूपमा तैनाथ हुने प्रहरी जनशक्ति अपुग भएका कारण विभिन्न गण र गुल्मका टोली खटाइएको छ । जिल्ला प्रहरी कार्यालयको समन्वय र व्यवस्थापनमा ती टोली झापाका विभिन्न प्रहरी कार्यालयमा छरिएका छन् ।

पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहसहितका उम्मेदवारीबीच चुनावी प्रतिस्पर्धा हुने झापा-५ लाई लक्षित गर्दै प्रहरीका थप टोली तैनाथ भएका हुन् । त्यहाँ पठाइएको थप टोलीले क्षेत्र नम्बर ५लाई लक्षित गरेर आवश्यक काम गर्दैछ । यद्यपि, उक्त क्षेत्रका 'हाइप्रोफाइल' उम्मेदवारमध्ये ओली र शाह दुवै जिल्लाबाहिर छन् ।

झापापछि उच्च सुरक्षा चुनौति रहेका जिल्ला सप्तरी, सर्लाही, चितवन, गोरखा र रुकुमपूर्व हुन् । प्रहरीले सामान्यतया उम्मेदवारहरूको हैसियतका आधारमा कुन जिल्ला कति चुनौतियुक्त भन्ने कुराको निक्यौल गरेको उच्च स्रोत बताउँछ । झापापछिको उच्च सुरक्षा चुनौति

(बाँकी अन्तिम पृष्ठमा)

## झापा–मोरङमा हतियार बुझाउन अटेरी

**झापा, माघ १४।** आसन्न प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने प्रशासनको प्रयास झापा र मोरङमा अपेक्षित रूपमा सफल हुन सकेको छैन ।

निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै इजाजतप्राप्त व्यक्तिगत हातहतियार अस्थायी रूपमा प्रहरीको नियन्त्रणमा बुझाउन गरिएको पटक-पटकको आग्रहलाई हतियारधनीहरूले बेवास्ता गर्दा प्रशासन चिन्तित बनेको छ । झापामा जिल्ला प्रशासन कार्यालयले दुईपटक सार्वजनिक सूचना जारी गरे पनि हालसम्म एउटै पनि हतियार बुझाइएको छैन ।

प्रशासनको तथ्याङ्क अनुसार जिल्लामा १ हजार २३७ वटा व्यक्तिगत हतियार दर्ता छन् । पुस २९ गते पहिलोपटक र माघ ८ गते दोस्रोपटक सूचना जारी गर्दै माघ २० गतेभित्र हतियार बुझाउन निर्देशन दिइए पनि अपेक्षित सहयोग नआएको प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल बताउँछन् ।

निर्वाचन अवधिमा सानो असावधानीले पनि ठूलो सुरक्षा जोखिम निम्त्याउन सक्ने भन्दै प्रशासनले हतियार संकलनलाई कानूनी मात्र नभई नैतिक दायित्वको रूपमा व्याख्या गरेको छ । तर, झापामा देखिएको अटेरीले प्रशासनको निर्देशन कार्यान्वयन क्षमतामाथि प्रश्न उठाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

# बाल्मीकिको सांस्कृतिक कार्यक्रममा विद्यार्थीको उत्कृष्ट प्रस्तुति






**बिर्तामोड, माघ १४।** बिर्तामोड-१स्थित बाल्मीकि एजुकेशन फाउण्डेशनले 'अनेकतामा एकता' भन्ने प्रकरणका साथ बिद्यार्थीको प्रतिभा प्रष्फुटनका लागि विविध सांस्कृतिक कार्यक्रम शुरु गरेको छ ।

बुधबार बिद्यालयका संस्थापक तथा राष्ट्रियसभाका सदस्य गोपालकुमार बस्नेत, प्रमुख अतिथि नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष तथा पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक एकराज गिरी र विद्यालयका निर्देशक आनन्दकुमार बस्नेतले कार्यक्रमको संयुक्त रुपमा उद्घाटन गरे । बुधबार कक्षा नर्सरीदेखि कक्षा २ सम्मका बालबालिकाले विविध प्रस्तुति दिएका थिए । बिहीबार कक्षा ३देखि ५ सम्म र त्यसपछि अन्य कक्षाका विद्यार्थीको सांस्कृतिक प्रस्तुति रहने बताइएको छ ।

कार्यक्रमका अध्यक्ष समेत रहेका विद्यालयका संस्थापक बस्नेतले 'सबै राम्रो जति तपाईकै नानीलाई' भन्ने नारासहित २०६० सालमा स्थापना गरिएको फाउण्डेशनले अभिभावकको विश्वास र साथका कारण मुलुकको शिक्षा प्रणालीमा योगदान गरिरहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि गिरीले मञ्चमा उभिएर आफ्नो प्रतिभा प्रस्तुत गर्ने साना-साना नानीहरुले गरेको उत्कृष्ट प्रस्तुतिको प्रशंसा गरे । प्रिन्सिपल पवन गिरीले अभिभावक र विद्यालय टिमको विश्वास र साथले बाल्मीकि अघि बढेको बताए ।

साना बिद्यार्थीले विभिन्न सांस्कृतिक नृत्यका साथै फेशन शो र सन्देशमूलक नाटक समेत प्रदर्शन गरेका थिए । बिद्यालयकी प्रि प्राइमरी इञ्चार्ज एञ्जिला क्षेत्रीले स्वागत गरेको कार्यक्रम शिक्षक सीतादेवी नेपाल, जीवन आचार्य तथा विद्यार्थीले संयुक्त रुपमा सञ्चालन गरेका थिए । कार्यक्रममा अभिभावकहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

धन्यवादज्ञापनसहित समारोहको समापन प्राइमेरी इञ्चार्ज गीता ढुंगानाले गरेकी थिइन् ।

त्यस अवसरमा बिद्यालयकी सहनिर्देशक मनिषा बस्नेत, बाल्मीकि लिंकन कलेजका निर्देशक किशोर बस्नेत, बाल्मीकि प्लस टू का संयोजक महेन्द्र खवास, भाइस प्रिन्सिपल सुबोध लामा, बाल्मीकिका लेखा प्रमुख त्रिलोकी दास लगायतको सहभागिता रहेको थियो । विद्यालयले बालबालिकाको प्रतिभालाई प्रोत्साहन गर्न वार्षिक रुपमा यस्ता कार्यक्रम गर्दै आएको बताइएको छ । बाल्मीकिले खेल्दै, गाउँदै, नाच्दै, रमाउँदै सिक्ने प्रक्रियालाई अघि बढाएको बताइन्छ ।

## सवारी दुर्घटनामा भण्डारीको मृत्यु



**झापा, माघ १४।** झापाको मेचीनगर नगरपालिका-७ नमूना टोलस्थित भित्री सडकखण्डमा भएको सवारी दुर्घटनामा परी वशिष्ठ भण्डारी समाजकी केन्द्रीय सदस्यको निधन भएको छ ।

काँकरभिट्टाबाट भद्रपुरतर्फ जाँदै गरेको मे९प ६३९४ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्र.१-०१-०१७प ४२६५ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा मे९प ६३९४ नम्बरको मोटरसाइकल चालक बिर्तामोड नगरपालिका-७ बस्ने ६४ वर्षीय भोजराज भण्डारी सामान्य घाइते भएका थिए भने पछाडि सवार उनकी ५४ वर्षीया श्रीमती कल्पना भण्डारीको टाउको र शरीरमा गम्भीर चोट लागेको थियो । गम्भीर घाइते अवस्थामा उपचारका लागि बीएण्डसी अस्पताल लगिएकी भण्डारीको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा संलग्न प्र.१-०१-०१७प ४२६५ नम्बरको मोटरसाइकल चालक मेचीनगर नगरपालिका-६ बस्ने ४३ वर्षीय युवराज मुखियालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाको नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## चिकित्सकको लाइसेन्स परीक्षणमा ६०% फेल

**काठमाडौं, माघ १४।** चिकित्सकका लागि नेपाल मेडिकल काउन्सिलले लिएको नाम दर्ता (लाइसेन्स) परीक्षामा ६० प्रतिशत चिकित्सक फेल भएका छन् ।

काउन्सिलले एमबीबीएस र बीडीएसको ७४औं लाइसेन्स परीक्षामा ३९.४४ प्रतिशत चिकित्सक मात्रै उत्तीर्ण भएका

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

हार्दिक आभारसहित धन्यवाद



झापाको बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको बचत तथा ऋण सहकारी संघ झापाको अधिवेशनबाट अध्यक्षमा म युवराज गिरीलाई मतदान गरी निर्वाचित गराउनु हुने सम्पूर्ण मतदातालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

निर्वाचनमा जिम्मेवारीमा रहेर भूमिका निर्वाह गर्नु हुने संस्थाका निवर्तमान सञ्चालक समितिका पदाधिकारी तथा सदस्य, लेखा सुपरीवेक्षण समिति, शेयर सदस्यहरु, निर्वाचन समिति, पत्रकार, शुभचिन्तकसहित प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्णलाई हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

निर्वाचनबाट प्राप्त अध्यक्षको जिम्मेवारीमा रही संस्थाको गरिमालाई अझ उच्च राख्न सदैव लागीपर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

युवराज गिरी : अध्यक्ष
बचत तथा ऋण सहकारी संघ, झापा
सम्पर्क : ९८५२६७३२६९, ९८१७०९५९९६

## नियात्राकार प्रतीकलाई पितृशोक



**झापा, माघ १४।** पर्वतीय साहित्यका उन्नायक तथा वरिष्ठ नियात्राकार प्रतीक ढकाललाई पितृशोक परेको छ।

ढकालका पिता अनन्तप्रसाद ढकालको ९१ बर्षको उमेरमा यही माघ १० गते निधन भएको हो। भुटानको दागापेलामा वि.सं. १९९२ सालमा जन्मिएका अनन्तप्रसाद २०१९ सालदेखि झापाको बुधवारेमा र २०४० सालदेखि बिर्तामोड-७स्थित गरामनीमा बस्दै आएका थिए।

पर्यटन क्षेत्रका विज्ञ प्रतीकका बुबा अनन्तप्रकाशका दुई श्रीमती स्व. पवित्रा र तिलमाया रहेका छन्। त्यस्तै पाँच छोराबुहारी प्रतीक-मञ्जु र लक्ष्मी, जीवन-शारदा, घनश्याम-मिथिला, दिवस-हेमन्ता र दीपेश-तुलसा रहेका छन्। स्व् ढकालका छ छोरीहरु नीरा नेपाल, यशोदा भट्टराई, दिव्या घिमिरे, कल्पना कार्की, मेनुका ढकाल र दीक्षा मिश्र रहेका छन्।

पर्यटनविज्ञका रुपमा समेत परिचित प्रतीक तथा शोकसन्तप्त परिवारजनमा समवेदनासहित स्वर्गीय पिताप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं।

# महिला स्वास्थ्य र मानसिक सशक्तिकरणमा केन्द्रित बन्यो बिर्तामोडको रोट्रयाक्ट क्लब

**झापा, माघ १४।** झापाका विभिन्न स्थानमा महिला स्वास्थ्य र मानसिक सशक्तिकरणमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्दै रोट्रयाक्ट क्लब अफ बिर्तामोडले समाजमा स्वास्थ्य सचेतना फैलाउने कदम चालेको छ।

क्लबले पछिल्ला दिनहरूमा दुईवटा महत्वपूर्ण कार्यक्रम आयोजना गरेको छ, जसले स्वास्थ्य र मानसिक सन्तुलनमा महिलाको भूमिका र युवाको सक्रिय सहभागितालाई जोड दिएको छ। कमल गाउँपालिका-५ स्थित स्वास्थ्य चौकीमा सम्पन्न पाठेघर क्यान्सर सचेतना तथा स्क्रिनिङ कार्यक्रममा महिलाको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिइएको थियो।



कार्यक्रममा सहभागी महिलालाई पाठेघर क्यान्सरको प्रारम्भिक लक्षण, जोखिम, रोकथाम र समयमै परीक्षणको महत्वबारे विस्तृत जानकारी प्रदान गरियो। महिलालाई स्वास्थ्य परीक्षण (स्क्रिनिङ) सेवा समेत उपलब्ध गराइएको थियो। प्रशिक्षक डा. जेनी मण्डलले कार्यक्रमका क्रममा महिलाको मानसिक स्वास्थ्यमाथि केन्द्रित प्रशिक्षण दिइन्। उनले शारीरिक स्वास्थ्यसँगै मानसिक सन्तुलन, आत्मविश्वास, तनाव व्यवस्थापन र सामाजिक सहयोगको महत्वबारे प्रकाश पार्दै सहभागीलाई सचेत गराइन्।

रोट्रयाक्ट क्लब अफ बिर्तामोडका अध्यक्ष सुशील थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय स्वास्थ्यकर्मी, क्लबका पदाधिकारी र सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। क्लबले विभिन्न साझेदार संस्थाको सहयोगमा कार्यक्रम सफल भएको जानकारी पनि सार्वजनिक गरेको छ। यसअघि क्लबले युवामाझ मानसिक स्वास्थ्य सचेतना अभिवृद्धि गर्न बिर्तामोडस्थित निधि कलेजमा कार्यक्रम आयोजना गरेको थियो।

उक्त कार्यक्रममा प्रशिक्षक डा. जेनी मण्डलले तनाव व्यवस्थापन, भावनात्मक स्वास्थ्य र युवाहरूले अपनाउन सक्ने सकारात्मक व्यवहारगत परिवर्तन सम्बन्धी जानकारी दिइन्। कार्यक्रममा च्याट युवा फ्रन्टका अध्यक्ष अमरजित साह र निधि कलेजका प्रमुख रञ्जितकुमार साह विशेष अतिथि थिए भने स्वागत मन्तव्य लक्ष्मीनारायण साहले राखेका थिए।

क्लबले स्वास्थ्य र मानसिक सशक्तिकरणमा केन्द्रित कार्यक्रमहरू मात्र सञ्चालन गरेको छैन, यो युवामा सामाजिक उत्तरदायित्व र समुदायमा जागरुकता बढाउने एउटा प्रभावकारी माध्यमको रूपमा उभिएको छ। क्लबका अध्यक्ष सुशील थापाले आगामी दिनमा पनि स्वास्थ्य, सचेतना र युवामुखी सामाजिक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

महिलाको स्वास्थ्य र युवाको मानसिक सशक्तिकरणको संयोजनले स्थानीयस्तरमै दीर्घकालीन सामाजिक परिवर्तन ल्याउन सक्ने क्षमता राख्ने अध्यक्ष थापाको भनाइ छ।

## बैंकमा ...

वस्तु विनिमयमार्फत कारोबार गर्ने गर्दथे। बैंकिङ कारोबारलाई सहजरूपमा लिइँदैन थियो।

मानिसमा बचत र लगानीको महत्वलाई सचेतना फैलाउने कार्य गरेर बैंकले घरेलु तथा साना उद्योगको विकासदेखि मझौला तथा ठूला उद्योग स्थापना गर्न तथा गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। सरकारको आम्दानी तथा खर्चको व्यवस्थापन, विदेशी विनिमय सेवा उपलब्ध गराउने, आयात-निर्यात व्यापारमा हिसाब राख्ने, निजी क्षेत्रका व्यवसायी तथा कम्पनीको कारोवारमा समेत बैंकले प्रभावकारी रुपमा कार्य गरिरहेको छ।

जेनजी पुस्ताका प्रदर्शनका क्रममा भएका असामान्य परिस्थितिबाट प्रत्यक्ष रूपमा प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिमा कार्यरत कर्मचारीलाई तलब भत्तालगायतका सुविधाका लागि आधार दरमा बढीमा शून्य दशमलव ५० प्रतिशत विन्दु मात्र प्रिमियम थप गरी कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

कम्तीमा पनि एकसय महिलालाई रोजगारी प्रदान गरी निर्यातमूलक उद्योग सञ्चालन गर्ने संस्थालाई न्यूनतम् ब्याजदरमा प्रदान गरिने कर्जाले पनि तरलता केही सुधार हुने दिने अपेक्षा गरिएको छ। राष्ट्र बैंकले दिएका यी सहुलियतहरुले कर्जाको माग बढाउनुका साथै अर्थतन्त्रलाई गति दिन सक्छ। रकम पर्याप्त भएको बेला कर्जा माग नै कम भएपछि निक्षेप व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता बैंकलाई छ। कम तरलता हुँदा बजारमा प्रवाह गर्ने र बढी हुँदा तान्ने राष्ट्र बैंकले गर्ने गरेको छ। उनले तरलता व्यवस्थापनका लागि दुई दशमलव ६४%मा उक्त नौ खर्ब रुपैया राष्ट्र बैंकले खिचेको प्रवक्त पौडेलले जानकारी दिए।

अधिक तरलताको समयमा बैंक तथा वित्तीय क्षेत्रमा भएको पर्याप्त लगानीयोग्य रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिन्छ। बैंकहरुलाई कर्जा प्रवाह गर्ने क्षमता विकास गर्न केन्द्रीय बैंकले नीतिगत रुपमा सहयोग गर्दै आएको छ। अन्तरराष्ट्रिय परिस्थिति, नजिकिँदै गरेको चुनाव, वित्तीय सुरक्षाजस्ता विषयले कर्जाको माग विस्तारै बढ्ने उनले बताए।

तुलनात्मक रूपमा न्यून ब्याजदरमा कर्जा पाइने भएकाले व्यापार व्यवसाय विस्तार तथा औद्योगिकीकरणलगायतका अवसर भए पनि राजनीतिक अन्योलता तथा वस्तुको उत्पादन गर्दा लागत महँगो पर्ने हुँदा तरलता व्यवस्थापन हुन नसकेको हो। यसले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ।

बैंकहरुमा निक्षेप बढ्ने तर कर्जा नबढ्ने हुँदा बैंकहरुको ब्याज खर्च बढ्न गई नाफामा कमी आउन सक्दछ। त्यसकारण पनि निक्षेपको ब्याजदर घट्न थाल्दछ। निक्षेपकर्ताहरु कम ब्याजदरमा निक्षेप बैंकमा राख्न बाध्य हुन्छन्। त्यसले गर्दा निक्षेपकर्ताको आम्दानीको स्रोतमा कमी आउँछ। लगानीयोग्य वातावरण बन्न नसक्दा कर्जाको माग हुँदैन त्यसले गर्दा लगानी अनुत्पादक क्षेत्रतर्फ प्रवाह हुने जोखिम बढाउँछ।

अधिक तरलताले बचत घट्ने तथा अनावश्यक उपभोग बढ्ने त्यसले मूल्यवृद्धि हुने क्रम हुन्छ। त्यसैगरी राष्ट्रिय स्तरमा आयातमा वृद्धि भई अर्थतन्त्रमा नकारात्मक असर पार्छ। देशको भुक्तानी सन्तुलनमा समेत असर देखा पर्छ। यसले समग्र मूल्यस्तरमा वृद्धि ल्याउने र मुद्रास्फीतिको अवस्था ल्याउन सक्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागका पूर्वप्रमुख डा. रेशम थापाले जानकारी दिए।

अधिक तरलताका कारण स्वदेशमा भइरहेको बचतको विदेशतर्फ पनि पलायन हुनसक्ने जोखिमको अवस्था ल्याउँछ। तरलता न्यून तथा अधिक हुनु दुवै वित्तीय प्रणालीमा राम्रो मानिँदैन। कर्जाको माग बढेको अवस्थामा बैंकले आफ्नो क्षमताभन्दा बढी लगानी गरेमा न्यून तरलता समस्या हुने उनले बताए। कागजी प्रक्रियाबाट शुरु गरिएको बैंकिङ प्रणाली सूचना प्रविधिको विकाससँगै समयानुकूल परिवर्तन गर्दै सूचना प्रविधिको प्रयोगमार्फत सेवाग्राहीलाई आधुनिक डिजिटल बैंकिङसम्बन्धी सेवा सुविधा उपलब्ध गराउने क्षमता विकास गरेका छन्। देशभर बैंकका शाखा स्थापना भएकाले पनि यस क्षेत्रमा धेरै जनताको पहुँच स्थापित हुँदै गएको छ भने ग्राहकको सङ्ख्या पनि बढ्ने क्रममा छ।

चालिसको दशकमा सरकारले शुरु गरेको आर्थिक उदारीकरणको नीतिका कारण निजी क्षेत्रबाट बैंक तथा वित्तीय संस्था स्थापना तीव्र रुपमा हुन थालेको पाइन्छ। सामान्यतया कुनै पनि व्यक्ति तथा संस्थाले बैंकमा वचत गरेको वित्तीय सम्पत्ति आवश्यक परेको समयमा सजिलै झिकेर खर्च गर्नसक्ने रकममा रूपान्तरण गर्न सकिने अवस्थालाई तरलता भनिन्छ। बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्त लगानीयोग्य पुँजीका रूपमा बुझ्ने गरिन्छ।

बैंकको दायित्व निक्षेपकर्ताको ब्याजसहित रकम मागेको समयमा फिर्ता गर्नुपर्ने हुन्छ। बैंकको नाफामुखी र सेवामुखी दुबै भएर भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। देशको अर्थतन्त्रमा तरलता, ब्याजदर र मुद्रास्फीतिको निकट सम्बन्ध हुन्छ। तरलता बढ्दा ब्याजदर घट्छ र मुद्रास्फीति बढ्ने गर्छ।

## झापा ...

सुरक्षा चुनौतिलाई अझ जटिल बनाउने अर्को पाटो भनेको हराइरहेका सरकारी हतियार हुन्। केही समयअघि भएको 'जेन-जी आन्दोलन' का क्रममा प्रहरीबाट लुटिएका १६ थान हतियार अझै फेला नपरेको प्रजिअ गेलालले जानकारी दिए। निर्वाचन नजिकिँदै गर्दा ती हतियारको अवस्थाबारे अनिश्चितता रहनु सुरक्षा निकायका लागि थप चिन्ताको विषय बनेको छ।

उता, मोरङमा पनि अवस्था उस्तै देखिन्छ। जिल्लामा दर्ता भएका १ हजार ३७ वटा इजाजतप्राप्त हतियारमध्ये हालसम्म ११ वटा मात्र प्रहरीको नियन्त्रणमा पुगेका छन्। पुस २५ गते पहिलोपटक र माघ १२ गते दोस्रोपटक सूचना जारी गरी निर्वाचन सम्पन्न नहुञ्जेल सबै हतियार बुझाउन आग्रह गरिए पनि ठूलो संख्यामा हतियारधनीले आनाकानी गरिरहेका छन्।

मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालका अनुसार निर्वाचनका बेला हतियार दुरुपयोग हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै अस्थायी रूपमा प्रहरीको नियन्त्रणमा राख्न खोजिएको हो। 'विगतका निर्वाचनमा नागरिकले स्वस्फूर्त रूपमा हतियार बुझाएका उदाहरण छन्'- उनी भन्छन्- 'यसपटक पनि जिम्मेवार सहयोग अपेक्षित छ।'

प्रशासन अब कडा कदम चाल्ने संकेत गरिरहेको छ। तोकिएको समयसीमाभित्र हतियार नबुझाएमा प्रहरी स्वयम् हतियारधनीको घरमै पुगेर हतियार उठाउने, लाइसेन्स नवीकरण रोक्ने र आवश्यक परे लाइसेन्स खारेजी गरी हतियार जफत गर्ने चेतावनी दिइएको छ। मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल भन्छन्- 'सबै हतियारको विवरण प्रशासनसँग सुरक्षित छ। कुनै बहाना स्वीकार्य हुँदैन।'

विश्लेषकहरूका अनुसार झापा-मोरङमा देखिएको अटेरी केवल प्रशासनिक कमजोरी होइन, निर्वाचन सुरक्षाप्रति नागरिक उत्तरदायित्व कमजोर हुँदै गएको संकेत पनि हो। हतियारधनीहरूमा विश्वासको कमी, प्रशासनप्रतिको दूरी वा कानूनप्रति उदासीनता- कारण जे भए पनि, यसको प्रत्यक्ष असर निर्वाचन सुरक्षामै पर्छ। निर्वाचन लोकतन्त्रको उत्सव हो। त्यसको सुरक्षामा नागरिक र राज्य संयन्त्र दुवैको साझा जिम्मेवारी रहन्छ। प्रशासनको बिनम्र आग्रहलाई बेवास्ता गर्दै हतियार लुकाएर राख्नु केवल कानून उल्लंघन मात्र होइन, लोकतान्त्रिक प्रक्रियामाथिको जोखिम पनि हो।

समयमै प्रभावकारी कार्यान्वयन र नागरिक सचेतना नबढे झापा-मोरङको यो प्रवृत्ति अन्य जिल्लामा पनि नजिर बन्न सक्ने खतरा प्रशासनकै लागि चेतावनी बनेको छ।

## झापामा ...

रहेको दोस्रो जिल्ला रुकुम, तेस्रो गोरखा, चौथो चितवन, पाँचौ सर्लाही र छैठौंमा सप्तरी छ।

दोस्रो सुरक्षा चुनौतिका रूपमा तोकिएको जिल्ला रुकुम पूर्वमा पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' चुनावी प्रतिस्पर्धाका लागि गएका छन्। उनका बिरुद्ध एमाले र जनार्दन शर्मा नेतृत्वको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का उम्मेदवार मुख्य प्रतिस्पर्धी हुने कारण सबै उम्मेदवारका गतिविधिलाई प्रहरीले उच्च निगरानीमा राख्ने भएको छ। त्यहाँ पनि बुटवलस्थित प्रहरी तालिम केन्द्रसहित विभिन्न गण र गुल्मका थप टोली पुगिसकेका छन्।

रुकुमपूर्वमा प्रचण्डका प्रतिस्पर्धीमध्ये क्रमशः एमालेका लीलामणि गौतम, प्रलोपाका सन्दीप पुन, नेपाली कांग्रेसकी कुसुमदेवी थापा र रास्वपाका लखनकुमार थापालाई प्रहरीले सम्भावित घटनासँग सम्बन्धित हुने आँकलन गरेको स्रोतले जनायो। एमाले मुख्य प्रतिस्पर्धी भएका कारण र प्रलोपाका उम्मेदवार आफैं पूर्व लडाकु भएका कारण त्यस्तो अनुमान गरिएको हो।

तेस्रो जिल्ला गोरखामा विभिन्न किसिमका फौजदारी अभियोग लागेका र जेन-जी आन्दोलनका अगुवासमेत उम्मेदवार रहेका कारण रुकुम पूर्वपछिको चुनौतिपूर्ण जिल्लाका रुपमा लिइएको हो। त्यहाँको क्षेत्र नं. १मा जेन-जी आन्दोलनका अगुवा सुधन गुरुङ (रास्वपा), कांग्रेसका प्रेमकुमार खत्री र एमालेका आरसी लामिछानेबीचको प्रतिस्पर्धा हुने अनुमानसहित प्रहरीले सुधनमाथि हुने सम्भावित सुरक्षा चुनौतिलाई दृष्टिगत गर्दै थप टोली पठाइएको प्रहरी स्रोतको भनाइ छ।

क्षेत्र नं. २मा एमालेबाट 'चक्रे मिलन' का नामले चिनिने मिलन गुरुङ उम्मेदवार छन्। उनीसँग रास्वपाका कवीन्द्र बुर्लाकोटी, नेपाली कांग्रेसका प्रकाशचन्द्र दबाडी, नेकपाका लेखनाथ न्यौपाने मुख्य प्रतिस्पर्धी छन्।

उम्मेदवारी यही 'भद्रगोल' देखेर पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले दर्ता गरेको उम्मेदवारी पनि फिर्ता लिएका थिए। प्रहरीले उम्मेदवारहरूको स्थिति (विगतको पृष्ठभूमि) लाई ख्याल गर्दै पोखरास्थित प्रहरीका गण र गुल्मबाट थप टोली पठाउने भएको हो।

चौथो जिल्लाका रुपमा रहेको चितवनमा रास्वपा सभापति रवि लामिछाने र नेकपाकी रेनु दाहालको उम्मेदवारीका कारण सुरक्षा चुनौति हुनसक्ने विश्लेषण प्रहरीले गरेको हो।

पाँचौं जिल्लामा राखिएको सर्लाहीमा नेपाली कांग्रेसका सभापति गगन थापा उम्मेदवार छन्।

सुरक्षा चुनौतिका दृष्टिले छैठौं जिल्ला मानिएको सप्तरीमा जसपा अध्यक्ष उपेन्द्र यादव क्षेत्र नं. ३ र जनमत पार्टीका अध्यक्ष सीके (चन्द्रकान्त राउत) क्षेत्र नं. २बाट उम्मेदवार छन्।

## देशभर ...

सिरहामा तीन, मोरङ, बारा र रौतहटमा दुई, सुनसरी, भोजपुर, सर्लाही, मकवानपुर, लमजुङ, प्यूठान, बझाङमा आगलागीका घटना घटेका थिए। अधिकांश आगलागीका घटना असावधानीका कारण भएको पाइएको छ। प्राधिकरणका अनुसार सुनसरी, सप्तरी, चितवन र दैलेखमा भने जनावर आक्रमणका घटना घटेका थिए। प्राधिकरणले सुख्खा मौसममा आगलागीका घटनामा वृद्धि हुने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ।

## चिकित्सकको ...

हुन्। पुल्चोकस्थित नेपाल इञ्जिनियरिङ अध्ययन संस्थान परीक्षा केन्द्रमा कम्प्युटर विधिबाट मंगलबार र बुधबार लिइएको परीक्षामा सहभागी ९४३ जनामध्ये ३७२ जना मात्रै उत्तीर्ण भएका छन्।

लाइसेन्स परीक्षाका लागि एमबीबीएस र बीडीएसका गरी ९६७ जनाले फारम भरेका थिए। उनीहरूमध्ये २४ जना अनुपस्थित भएको काउन्सिलले जनाएको छ।

## मेची उद्योग वाणिज्य संघको जरुरी सूचना

**मेची उद्योग वाणिज्य संघको २१औं वार्षिक साधारणसभा तथा निर्वाचन प्रयोजनका लागि संघमा आवद्ध साधारण सदस्यहरुले आ.व. २०८२/०८३ सम्मको सदस्यता आगामी २०८३ वैशाख ७ गतेभित्र नवीकरण गराई साधारणसभा तथा मतदान कार्यमा सहभागिता सुनिश्चित गराउन हुन सम्बन्धित उद्यमी, व्यवसायीहरुमा यसै सूचनाद्वारा सूचीत गरिएको व्यहोरा अनुरोध छ।**

**नोट : उल्लेखित समयावधि भित्र नवीकरण नभएका सदस्यहरु साधारणसभा तथा निर्वाचन कार्यक्रममा सहभागिताबाट बञ्चित हुने व्यहोरा समेत जानकारी गराइन्छ।**

**दिनेश शाक्य : महासचिव**
सचिवालय सम्पर्क : ०२३-५६४०३५/५६४६५८
**मेची उद्योग वाणिज्य संघ, झापा**
मेचीनगर-१०, धुलावारी (झापा)

भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा अब बिर्तामोडमै
डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ
डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग विशेषज्ञ
डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म
डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग विशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार
आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४

## शिवसताक्षी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**ब्याड्ठाँडा, झापा**
**कोशी प्रदेश, नेपाल**

## सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

यस शिवसताक्षी नगरपालिका वडा नं. ७मा अवस्थित कित्ता नं. १४५ क्षेत्रफल ०-२-०-० मा भवन निर्माण गर्ने घरधनी श्री शुक्रराज मेन्याङ्वो लिम्बूले यस न.पा.मा निर्मित भवनको नक्सा प्रमाणित गर्ने प्रयोजनको लागि निवेदन पेश गरेकोमा सँधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ।

निवेदन साथ पेश हुन आएको नक्सा प्रमाणित गर्दा तपाईको जम्मा लगायत सार्वजनिक स्थलको हानी-नोक्सानी हुन्छ, हुँदैन, सन्धि सर्पन हानी नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित नगरपालिकामा उजुर गर्न सूचित गरिन्छ। म्याद नाघी आएको उजुरीमा कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ।

*१. नक्सा प्रमाणितको लागि पेश भएको प्रस्तावित जग्गाको चार किल्लाको विवरण*

| दिशा | आफ्नो जग्गा लम्बाइ (फिट/मिटर) | छोडेको आफ्नो जग्गा (फिट/मिटर) | सँधियार: कि.नं. | लेन्डस्केपको प्रकार | नाम/ठेगाना |
|---|---|---|---|---|---|
| पूर्व | | | पैनी | | |
| पश्चिम | | | बाटो | | |
| उत्तर | | | २५० र ४५० | | बिजय आङ्देम्बे |
| दक्षिण | | | १४४ | | होमबहादुर बुढाथोकी |

घर/कम्पाउण्ड वाल नाप:- लम्बाई:३९" चौडाई : २९" उचाई : १०" तल्ला संख्या १

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पन्ध्र) १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/१०/१५**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको १६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर, बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथम्कदाचित सो धितोबाट कर्जा असुल उपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिँदाका बखत व्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**शाखा कार्यालय :** शिवगञ्ज **कर्जाको प्रकार :** डिमान्डकर्जा

**ऋणी/धितो जमानतकर्ता/व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते बिवरण**

**ऋणी/धितो जमानीकर्ता :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय, भद्रपूर झापामा मिति २०७२/११/०६ मा प्रा.फ.र.नं. ५७३/८५०५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, शिवसताक्षी न.पा वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, शिवसताक्षी न.पा वडा नं. ६ स्थित स्वर्ण लक्ष्मी ज्वेलर्सका तर्फबाट ऐ. का अख्तियार प्राप्त प्रोप्राइटर मानविर लाम्गादेको नाती, बिर्ख बहादूर लाम्गादेको छोरा, नागरिकता वमोजिम झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ६ स्थायी ठेगाना भै हाल सोहि स्थानमा बस्ने मिति: २०६६/०४/०८ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४१०३३/९४६ भएको बर्ष ३३ को **दिपेश लाम्गादे।**

**धितो सुरक्षणको विवरण :**
दिपेश लाम्गादेको नाममा मा.पो.का. दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंञ गा.वि.स. वडा नं. १ स्थित कि.नं. १२१५ र १८१५ को क्षेत्रफल क्रमशः ०-०-१० र ०-१-० (बि.क.धु) जग्गा, कि.न. १२१५ मा निर्मित घर साथै मा.पो.का. भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १२२ र १२६ को क्षेत्रफल क्रमशः १४७०.५५ र २३६५.५५ (ब.मि.) जग्गा र उल्लेखित घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

**ब्यक्तिगत जमानीकर्ता:**
नाम : ममता विश्वकर्मा लाम्गादे
बाबु : टेक बहादुर विश्वकर्मा
पति : दिपेश लाम्गादे
ना.प्र.नं :- ०४-०२-७५-०१८५४ (जारी मिति र जिल्ला २०७५/०४/१४ र झापा)
ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा वडा नं १।

**शर्तहरु :-**
१) बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००|- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ।
३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%) ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्बर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बूझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
८) बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
९) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
**कर्जा असुली विभाग**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# केबलकार विवाद र समाधान

**पूर्वी नेपालको ताप्लेजुङस्थित पाथीभरा मन्दिर जान केबलकार निर्माणको परियोजनाको विवाद फेरि चर्किएको छ । पाथीभरामा केबलकार बनाउने योजना तीन दशकअघि नै बनेको थियो । त्यही योजना अनुसार निर्माणको तयारी शुरु गर्नासाथ शुरु भएको विवाद फेरि चर्किएको हो । मन्दिरसम्म पुग्न तीर्थयात्रीहरुलाई सहज होस् भन्ने उद्देश्यले निर्माण शुरु भएको परियोजनाको विरोधमा विगतमा ठूलै झडप पनि भएको थियो । जसमा ठूलै संख्यामा घाइते समेत भएका थिए । त्यसक्रममा नो केबलकार पक्षधरका प्रदर्शनकारी सुरक्षाकर्मीको गोली लागेर दुई जना घाइतेको त्रिवि शिक्षण अस्पतालमा उपचार गर्नु परेको थियो ।**

**केबलकार निर्माणको प्रारम्भिक चरणदेखि नै विभिन्न समूहले 'नो केबलकार' आन्दोलन गरिरहेका छन् । केबलकार निर्माणको पक्ष–विपक्षमा विभाजित स्थानीय समाजको आ–आफ्नै तर्क छन् । नो केबलकार अभियानकर्मीहरुले पछिल्लो समय झापाको बिर्तामोडमा बिरोधसभाको आयोजना गर्दै निर्माण कार्य तत्काल खारेज नगरिए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिए । सभाका वक्ताहरु र मुक्कुमुलुङ संरक्षण समितिले केबलकार खारेजीको माग गर्दै किरात समुदायको ऐतिहासिक, सांस्कृतिक र धार्मिक पहिचानसँग जोडिएको पवित्र भूमिमा व्यावसायिकता नगर्न सुझाव दिए । परियोजनाले त्यहाँको प्राकृतिक सम्पदा, धार्मिक आस्था र स्थानीय समुदायको मौलिक पहिचान प्रभावित हुने तर्क गरेका छन् ।**

**धार्मिक आस्था र विश्वासको धरोहर पाथीभरा मन्दिरको दर्शनका लागि वार्षिक पाँच लाखको हाराहारीमा दर्शनार्थी पुग्ने गरेका छन् । छिमेकी देश भारतबाट समेत हजारौं तीर्थयात्री पाथीभरा पुग्ने गरेका र यसले ताप्लेजुङको विकास र स्थानीय सरोकारको हित हुने केबलकार पक्षधरले दावी गर्दै आएका छन् । मन्दिर पुग्न सहज छैन, अत्यन्त कष्टकर छ । सुकेटार विमानस्थलदेखि काफ्लेपाटी हुँदै तल्लो फेदीसम्म पुग्ने पैदल मार्ग अत्यन्त विकट छ । यस्तोमा वृद्धवृद्धा, ज्येष्ठ नागरिक तथा बालबालिकालाई सुविधा पुग्ने केबलकार निर्माण समग्र ताप्लेजुङको विकासमा सहायक हुन सक्छ । तर, त्यसका लागि स्थानीय समाजका अगुवा, राजनीतिक दलका नेता र सम्बद्ध सबै पक्षले सहमति खोज्नुपर्छ ।**

**माथिल्लो फेदीमा रहेको कान्छीथानबाट धागो बाँधेर पाथीभरा पुग्ने परम्परा छ । केबलकार निर्माण भए त्यो परम्परा मेटिने विपक्षमा रहेको तर्क छ । पहिचानको मुद्दा ओझेलमा पर्ने, किरात समुदायको मुन्धुमी संस्कृति मेटिने भएकाले पाथीभरा (मुक्कुमुलुङ)लाई प्राकृतिक अवस्थामै छाड्नुपर्ने भन्दै आन्दोलित विभिन्न दल तथा मुक्कुमुलुङ संस्कृति पक्षधरसँग वार्ता गरी धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको संरक्षणसहितको बाटो खोज्नु पर्दछ । त्यसो भए आदिवासी जनजाति समुदायको संस्कृति, परम्पराको संरक्षण हुनुका साथै स्थानीय आवश्यकताको समेत सम्बोधन हुने थियो । यसले धार्मिक आस्थाको सम्मान र पर्यावरणीय महत्त्वको पनि जगेर्ना हुन सक्छ ।**

# युवापुस्ताले खोजेको परिवर्तन



**कृष्णा शर्मा**




कार्यकर्ताले नेताका हरेक झुटलाई आँखा चिम्लेर अनुमोदन गर्ने, उनकाबिरुद्ध एक शब्द नबोल्ने परिपाटी मौलाउँदै जाँदा पार्टीको आन्तरिक लोकतन्त्रमा धमिरा लाग्दै गयो। नेतृत्वलाई प्रश्न गर्ने र त्यसको जवाफ खोज्ने पद्धति हराउँदै जाँदा पुराना र मूलधारका राजनीतिक दलप्रति जनताको विकर्षण बढ्दै गयो। ती दलप्रतिको अपेक्षा शून्य प्रायः बन्दै गएको छ। कैयौं प्रश्न आमजनमानसका मानसपटलमा उठिरहेकै बेला त्यसको जवाफ दिनु र खोज्नुको सट्टा पुराना दल र दलमा आबद्ध जिम्मेवार पदाधिकारी जवाफविहीन बन्दै गए। गलतलाई गलत र सहीलाई सही भन्न नसक्ने जस्ता प्रवृत्तिले राजनीतिक नेतृत्व असफल, अलोकप्रिय र दिशाविहीन बनेको यथार्थलाई स्वीकार गर्नै पर्छ।

जब प्रश्नहरू हराउँदै जान्छन् वा प्रश्न गर्न निषेध गरिन्छ, लोकतन्त्र जीवित रहन्न। प्रश्न गर्नेको आवाज बन्द गर्नु वा प्रश्न सोध्न नपाउनु, प्रश्न सोध्नमा रोक लगाउनु निरङ्कुशतातर्फको अग्रसरता हो। फरक मतलाई किनारामा पुऱ्याउने जुन प्रवृत्ति झाँगिँदै गयो, लोकतन्त्रका लागि शोभनीय थिएन र होइन। अन्तरक्रिया र जायज मुद्दामा सवालजवाफ गर्नु वाक स्वतन्त्रता हो। नागरिकको संविधानतः प्राप्त मौलिक हक हो। अनुयायीमा प्रश्नहीनता हुनु र नेतृत्वमा जवाफविहीनता रहनु राम्रो सङ्केत होइन।

राजनीतिक दलभित्र पहिलो पुस्ताका नेता वा अगुवालाई दोस्रो पुस्ताले वा अन्य सदस्यले कम्तीमा आफ्नो विवेकलाई व्यक्तिगत लाभ र निहित स्वार्थ कै लागि मर्न नदिएको भए नेतृत्वलाई सच्चिने नैतिक दबाब पर्थ्यो। यहाँ त अझ बढी अराजक बन्ने बाटोतर्फ उत्प्रेरित गराइयो। झुटलाई मौन समर्थन गर्दै अकर्मण्यताको साक्षी बनेर स्विकारोक्ति जाहेर गरियो। दलगत वा व्यक्तिगत क्षणिक स्वार्थमा सङ्कुचित हुँदा बृहत् राष्ट्रिय हित ओझेलमा पर्दै गए। राजनीतिक दल आमनागरिकको विश्वास र भरोसाका लायक भएनन्। नागरिक केवल चुनावी गणित बनेर राजनीतिक दलको ग्राफ बढाइदिने र नेतालाई सत्ताको भऱ्याङ बन्ने माध्यम मात्र बने।

चुनाव जितेर गएपछि आममतदाता समक्ष गरेका वाचा सेलाउँदै जान्छन्। जनताले जब मतपत्र खसालेपछि बाकसको बिर्को बन्द हुन्छ। अनि नेताको मतदाताप्रतिको उत्तरदायित्व त्यहीँ समाप्त हुन्छ। नयाँ पुस्ताले खोजेको यस्तो पुरातनवादी सोच र विचारले परिचालित शासन होइन। सहभागिता, इमानदारिता, समानताको कसीमा सुशासनयुक्त र पारदर्शी शासन खोजेका हुन्। सत्ताबाट पूर्वाग्रही व्यवहारयुक्त शासनको अपेक्षा हुनै सक्दैन र त्यो टिकाउ हुँदैन पनि। लामो सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक शासन प्रणालीमा पनि आमनागरिकमा एक खालको निराशा बढ्दै गयो। राजनीति क्रूर र पक्षपाती बन्दै गयो। जब गलत काम दलीय आडमा अनदेखा गरिन्छ, बचाइन्छ त्यहीँबाट अराजक क्रियाकलापलाई थप प्रोत्साहन मिल्दै जान्छ।

देशमा यति ठूलो विध्वंस भयो। सारा प्रशासनिक तथा ऐतिहासिक धरोहर जले। महत्त्वपूर्ण दस्तावेज धुवाँसँगै उडे। कैयौं वर्ष पुराना हाम्रा पहिचान बोकेका महत्वपूर्ण कलात्मक वास्तुकला, सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबार लगायतका भवन क्षणभरमै खरानी बन्यो। जसले हाम्रो प्रणाली, संस्कार, कार्यशैली र विद्यमान व्यवस्थाप्रति एउटा सङ्गिन र गम्भीर चुनौती खडा गऱ्यो। नयाँ पुस्तालाई प्राथमिकतामा नराखेको, उनीहरूका आवाजलाई दबाइएको, उनीहरूका सामान्य माग शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन जस्ता विषयलाई बेवास्ता गरिएको भन्दै जेन-जी आन्दोलनमा होमिएको थियो।

राजनीतिमा नवयुवाले चासो, चिन्तन चेतनाका साथ सक्रियता जनाउनु लोकतन्त्र सजीव हुनु हो। पछिल्लो समय नेपालको राजनीतिमा युवाको चासो र सक्रियता बढ्दै गएको छ, यो लोकतन्त्रको सकारात्मक पक्ष हो। यसले लोकतन्त्रलाई रक्तसञ्चार गर्दै जीवित बनाउँछ। यो सक्रियता मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र स्वाधीनताको रक्षार्थ कदापि सम्झौता नगरी राष्ट्रिय स्वाभिमानका लागि दृढतापूर्वक सधैँ उभिन सकोस्। लोकतन्त्रको प्राणवायु राजनीतिक दल नै हुन्। दलमा वैचारिक स्पष्टता नहुनु, युवा तथा महिलाको नेतृत्वलाई प्राथमिकतामा नराख्नु, युवापुस्तालाई नेतृत्वमा विश्वास नगरिनु लगायतका विषयले राजनीतिक दलको आन्तरिक र अन्तरपार्टी लोकतन्त्र कमजोर हुन गयो। यी नै विषयमा रूपान्तरणले लोकतन्त्रलाई दीर्घजीवी बनाउने हो।

दलभित्रको आन्तरिक लोकतान्त्रिक संस्कार, कार्यशैली, व्यवहारमा सुधार गरी सुशासन, पारदर्शिता, जवाफदेहिता, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनुपर्छ। पाकाले आफूभन्दा बाहेकलाई अक्षम देख्ने मानसिकता बदल्नु पर्छ। युवालाई राजनीतिमा अघोषित प्रतिबन्ध लगाई निषेध गर्दा देश दुर्घटनामा पऱ्यो। जेन-जी विद्रोह पुराना दलको उत्तरविहीनता र नागरिकसँगको संवादहीनताको परिणाम हो। अब सच्चिएर जाने समय हो। यस अप्ठ्यारो समयले दिएका चुनौतीलाई अवसरका रूपमा ग्रहण गरेर पुराना दलले पनि आफूलाई रूपान्तरण गर्नै पर्छ।

लोकतन्त्रमा समभाव र समन्यायको भावना राख्नु पर्छ। फरक विचार र फरक शक्तिको स्थानले पनि अर्थ र महत्व राख्छ। अहिले रूपान्तरणको नारा उठिरहँदा केवल सत्ताका लागि मात्र रूपान्तरणको लडाइँ नबनोस्। हामी कृषि प्रधान देशका नागरिक हौँ भन्ने हेक्का राखौँ। यस क्षेत्रलाई सर्वप्रथम रूपान्तरण गरौँ। कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकीकरण गर्दै आत्मनिर्भर बन्नेतर्फ रूपान्तरित हुन जरुरी छ। शिक्षा र स्वास्थ्य क्षेत्रलाई रूपान्तरण गरी अनिवार्य, निःशुल्क, सर्वसुलभ बनाऔँ।

रोजगारीका अवसर देशभित्रै खोजौँ। वैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित बनाऔँ। देशमा सधैँको नीतिगत अस्थिरताका कारण साना तथा मझौला उद्योगीले व्यवसाय सञ्चालन गर्ने वातावरण बिग्रिँदै गयो। जसका कारण लगानीयोग्य रकम बैङ्कमा थुप्रिँदा ब्याजदर सङ्कुचन हुँदै गयो। जसको नकारात्मक असर हाम्रो अर्थतन्त्रमा परिरहेको छ। न्यून लगानी, न्यून रोजगारी, न्यून आय, न्यून उत्पादनको यो दुश्चक्रलाई सुचक्रमा रूपान्तरण गर्नेतर्फ सोचौँ।

प्रशासन प्रणालीलाई सम्पूर्ण रूपले प्रविधिमैत्री गरी सुशासनयुक्त तुल्याऔँ। हाम्रा उपलब्ध प्राकृतिक स्रोत जल, जमिन, जङ्गल, जनशक्ति र जडीबुटीको उपयोग गर्दै प्रकृतिलाई पर्यटनसँग जोड्ने विषयमा रूपान्तरण खोजौँ। रूपान्तरणका नाममा पुराना दल, नेतृत्व तथा ऐतिहासिक दस्तावेजको अस्तित्वलाई निमिट्यान्न पारेर होइन। उनीहरूको बलिदानीपूर्ण सङ्घर्ष एवम् सत्ता सञ्चालनको लामो अनुभवको कदर गर्दै र युवापुस्ताको देश बनाउने हुटहुटी, ऊर्जा, जोसजाँगर र प्रविधियुक्त ज्ञानको कुशल संयोजनबाट नै अब मुलुकले खोजेको परिवर्तन सम्भव छ। *गोप*

# आज भीमा (जया) एकादशी



**ज्यो. सूर्य कुइँकेल**



हरेक महिनाको शुक्लपक्ष र कृष्णपक्षका ११औं तिथिलाई दुई एकादशी भन्दछन्। पूर्णिमापछि आउने एकादशी तिथिलाई कृष्णपक्षको एकादशी भनिन्छ भने औंशीपछि आउने तिथिलाई शुक्लपक्षको एकादशी तिथि भनिन्छ। हिन्दु सनातन सम्प्रदायमा यी दुबै प्रकारका एकादशी तिथिहरुको धेरै महत्त्व रहेको छ। एकादशीको व्रतलाई महाव्रत पनि भनिन्छ। अन्य व्रतहरुको तुलनामा एकादशी व्रतको महत्त्व अधिक रहेको बताइन्छ।

अश्वमेधसहस्त्राणि राजसूयशतानि च।
एकादश्यपुवासस्यकलां नार्हन्तिषोडशीम ॥

अर्थात्ः एकादशी व्रतको महत्त्व यति छ कि हजारौंहजार अश्रवमेध यज्ञ र सयौं राजसूय यज्ञको महत्त्व एकादशी व्रतको महत्त्वको सोह्र भागको एक भाग जति पनि हुँदैन। अधिक वर्ष र शुद्ध वर्षमा एकादशीको संख्या फरक-फरक हुन आउँछ। चन्द्रमासका हिसाबले हरेक महिनाका कृष्णपक्ष र शुक्लपक्षमा एक-एक गरी एक महिनामा दुईवटा र वर्षभरिमा २४ वटा एकादशी हुन्छन्। तर, मलमास वा अधिकमासमा अरु दुईवटा एकादशी थपिएर जम्मा २६ वटा एकादशी हुन्छन्। यदि एकादशी तिथि दुई दिन परेको भए शैवमार्गीहरुले पहिलो दिन र वैष्णवहरुले दोस्रो दिन एकादशी व्रत राख्छन् ।

सबै एकादशीहरु उत्पत्तीका कथा, महत्त्व र व्रत विधिहरु बताइएको छ। एकादशी व्रत भगवान विष्णुको पूजा र उपासनाका लागि समर्पित गरिन्छ। व्रतमा भगवान विष्णुको पूजा र कथा श्रवण गरिन्छ। सबै प्रकारको सुख प्रदान गर्ने व्रतका रुपमा एकादशी पर्वलाई मानिन्छ। एकादशी व्रतका प्रभावले व्यक्तिका सबै पाप र दुर्गुणहरु नाश भएर जान्छन् र यसको विधिपूर्वक राखिएको व्रतका कारण विष्णुको कृपा प्राप्त हुन्छ। एकादशी व्रतको महत्त्वका बारेमा पद्म पुराणमा उल्लेख गरिएको छ।

*स्वर्गमोक्षप्रदा ह्येषा शरीरारोग्यदायिनी।*
*कलत्रसुतदाह्येषाधनमित्रप्रदायिनी ॥*
*नगंगा न गया राजन न च काशी च पुष्करम्।*
*न चापिकौरवं क्षेत्रं पुण्यं भूपहरेर्दिनात् ॥*

एकादशी स्वर्ग मोक्ष, आरोग्य, सुभार्या एवम् सुपुत्र प्रदान गर्ने उत्तम व्रत हो। हे राजन ! गंगा, गया, काशी, पुष्कर र कुरु क्षेत्र यी पुण्य क्षेत्र मध्ये कुनै एउटा क्षेत्रको तुलना एकादशीका साथमा हुन सक्दैन। यस श्लोकमा उल्लेख गंगा नदी र अन्य तीर्थ क्षेत्रहरु हरेक दिनको प्रातःकालमा स्मरण गर्ने गरिन्छ। यी नदी र तीर्थको नाम लिना साथ तीर्थस्नानको फल प्राप्त हुने विश्वास गरिन्छ। तर, यस्ता पवित्र तीर्थ स्थलहरु मध्ये एकादशीसँग एउटा स्थानको पनि तुलना नहुने बताइएको छ। अर्थात् एकादशीको महत्त्व ती सबैभन्दा उच्च छ।

**भीमा (जया) एकादशी महात्म्य**

एकदिन देवराज इन्द्र विभिन्न अप्सराहरुका साथमा नन्दन वनमा नाचगानको आनन्द लिइरहेका थिए। अप्सरा र गन्धर्वहरुको नृत्य र गायकी कलाद्वारा आनन्द प्रदान गरिरहेका थिए। रमाइलो प्रस्तुति चलिरहँदा माल्यवान गन्धर्व र पुष्पवती अप्सरा नजिकिन पुगे र एकआपसमा मोहित हुन पुगेछन्। एकअर्कामा हेराहेर गर्नमा मग्न भएपछि उनीहरुले आफ्नो प्रस्तुतिमा ध्यान केन्द्रित गर्न सकेनन्। यसबाट क्रोधित भएका देवराज इन्द्रले उनीहरुलाई 'तत्कालै मर्त्यलोकमा गएर पिशाच दम्पती भइ जाओ' भनेर श्राप दिए।

देवराज इन्द्रको श्रापले तत्कालै उनीहरुले पिशाच योनी प्राप्त गरे र मर्त्यलोकमा झरे र दम्पत्तीका रुपमा कष्टपूर्ण जीवन निर्वाह गर्न थाले। यसैगरी रहँदा बस्दा माघ महिना आयो, जाडो बढ्न थाल्यो। पानी पनि परेकाले उनीहरुको जीवन थप कष्टकर बन्यो। उनीहरुले न खान पाए, न सुत्न पाए। उनीहरु निथ्रुक्क भिजेका थिए। वर्षात् कै पानीले स्नान त भयो तर अहोरात्र भोक, अनिद्रा र कष्टले उनीहरुलाई व्याकुल बनाएको थियो। संयोगवश त्यसदिन माघ शुक्लपक्षको एकादशी तिथि परेको रहेछ। अन्जानमै उनीहरुको स्नान भयो र निराहार उपवास र चिसोले सुत्न नसकेका कारण जाग्राम पनि भयो र एकादशी तिथिमा गर्नुपर्ने विधिहरु पालन गर्न पुगे। यसरी अन्जान मै पूर्ण भएको जया एकादशीको व्रतका प्रभावले माल्यवान गन्धर्व र पुष्पवती अप्सरा भएर मर्त्यलोकमा देखिए।

यसरी पापमोचन भएपछि उनीहरुलाई लिन विमान आइपुग्यो र त्यसमा सवार भए र पुनः स्वर्गलोकमै पुगे। देवराज इन्द्रले उनीहरुबाट सम्पूर्ण वृतान्त सुनेपछि जया एकादशी तिथिको महिमा थाह पाएपछि हरिभक्त, शिवभक्त र स्वर्गका सबै देवताहरुलाई जया एकादशीको महत्त्व बताउँदै व्रत लिन सुझाए र माल्यवान र पुष्पवतीलाई पनि स्वर्गमा स्वागत र यथोचित सत्कार गरे।

**भीमा एकादशी सामान्य परिचय**

माघ शुक्लपक्षको एकादशी तिथिलाई भीमा एकादशी भनिन्छ । यस वर्ष भीमा एकादशी आज माघ १५ गते बिहीबार परेको छ। कुन्ती पुत्र भीमसेनले समेत यस एकादशीको व्रतको पालन गरेकाले यस एकादशीलाई भीमा एकादशी पनि भनिन्छ । सम्पूर्ण पापहरु नाश गरी मोक्ष प्रदान गर्ने एकादशीका रुपमा भीमा एकादशीलाई लिइएको छ। यस एकादशीका प्रभावले मनुष्यले भोग र मोक्ष दबै प्राप्त गर्दछ भन्ने विश्वास रहिआएको छ। अरु एकादशीका दिनमा झैं भीमा एकादशीका दिन पनि रात्रि जाग्राम बस्ने र विष्णुको किर्तन गर्ने गरिन्छ। जया एकादशीका दिन भगवान नारायणलाई धूप, दिप तथा नैवेद्यले पूजा गरी खिचडी पकाएर चढाउने धार्मिक परम्परा रहेको छ ।

पाँच पाण्डव मध्येका माइला भीमसेनले समेत यस एकादशीको व्रत गरेका कारण यस एकादशीको नाम भीमा एकादशी हुन गएको पौराणिक वर्णन गरिएको छ। भीमले एकादशीको व्रत बसेका कारण सबै पितृ ऋणहरुबाट मुक्त भएको कुरा गरुड पुराणमा उल्लेख गरिएको छ। जसरी कुमार्गी राजाले राज्य, कुपुत्रले कुल दुष्ट पत्नीले पति अधर्मले धर्म, कुमन्त्रिले राजा, अज्ञानताले ज्ञान, आशौचले शौच, अश्रद्धाले श्रद्धा, असत्यले सत्य, उष्णताले शितलता, अनाचारले सम्पत्ति, विष्मयले तप, अशिक्षाले ज्ञान, क्रोधले शान्ति र निकम्मताले फलको नष्ट गर्दछ, ठिक यसको विपरीत भीमा एकादशीको व्रतले सबै पापहरुलाई त्यसरी नै नष्ट गरी मानिसलाई सुमार्ग प्रदानगर्ने र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहेको छ।

भीमा एकादशीको व्रतबाट ब्रम्ह हत्या, सुरापान, सुनको चोरी, गुरु पत्नीगमन जस्ता पापहरु नाश गर्ने शक्ति प्राप्त हुन्छ। नैमिष क्षेत्र, कुरु क्षेत्र, प्रभास क्षेत्र, यमुना, गंगा लगायत सबै तीर्थहरु पुगे बराबर धर्म प्राप्त हुन्छ। भीमा एकादशीको व्रत कुनै पनि दान, जप, होम तथा अन्य पुण्य कर्महरुभन्दा ठूलो मानिन्छ। यतिसम्म कि एउटा पृथ्वी दान गर्नुभन्दा पनि भीमा एकादशीको व्रतको महात्म्य ठूलो मानिएको छ। भीमा एकादशीको पूजाका लागि पूजा सामग्रीहरु वराहदेवको प्रतिमा, भगवान विष्णुको मूर्ति वा तस्वीर, पुष्प/पुष्पमाला, ऋतुफल, धूप, दिप, घ्यू, पञ्चामृत, तिल, तुलसीदल, चन्दन, काठको चौकी, पहेँलो वस्त्र, आसन, शुद्धजल या गंगाजल, पहेँलो वस्त्र, पहेँलो फूल, पहेँलो फल, आरतीका सामान, व्रतकथाको पुस्तक

*ज्योतिष सेवाका लागि ९८१३५२१५६२*
*abhilashi2009@gmail.com*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बोलिको प्रभावले आयआर्जनमा फाइदा पुग्ने भएकाले बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले आज तपाईको मन प्रशन्न रहने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, मन प्रसन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, भाग्यले साथ दिनेछ, तर थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** आजको दिन मध्यम रहेको छ, शुभ समाचार आउने छ, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, मन प्रसन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** कार्यसिद्धी हुने दिन छ, मानसम्मानमा वृद्धि हुने, स्वास्थ्यले साथ दिनेछ भने धार्मिक गतिविधि बढेर जानेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय आएको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मन प्रशन्न रहला, धन लाभका साथै शुख प्राप्त हुने योग छ, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज उपहार प्राप्तीको योग रहेको छ, धेरै मेहनत गर्नुपरे पनि अन्तयमा सफलता हात लाग्नेछ, स्वास्थ्यमा ध्यान दिनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला ।

मिति २०८२/१०/१४ बुधबारको
**सुनचाँदी मूल्य**
छापावाला
सुन प्रति तोला
रु. ३,०९,८००/-
चाँदी
प्रति तोला
रु.६,८८५।-

# घृणाजन्य अभिव्यक्ति बन्द गर्न मानवअधिकारको आग्रह

**झापा, माघ १४।** राष्ट्रिय मानवअधिकार आयोगले शान्ति सुरक्षामा असर पर्ने घृणाजन्य अभिव्यक्ति बन्द गराउन आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा घृणाजन्य अभिव्यक्तिले समाजमा घृणा फैलाउनुका साथै शान्तिसुरक्षामा समेत चुनौती सृजना गर्नसक्ने हुँदा शान्ति सुरक्षालाई थप मजबुत बनाउन आयोग नेपाल सरकारलाई आग्रह गरेको हो ।

विज्ञप्तिमा भनिएको छ- 'कसैले पनि नेपालको संविधान, कानुन र मानवअधिकारका अन्तर्राष्ट्रिय मूल्यमान्यता विपरीत घृणाजन्य अभिव्यक्ति नदिन, सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट एवम् मर्यादित भएर एकअर्काप्रति मानव अधिकारमैत्री भाषाको प्रयोग गर्न, घृणायुक्त अभिव्यक्तिको प्रचारप्रसार नगर्न र निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न आयोग राजनीतिक दलका नेता, उम्मेदवार एवम् सर्वसाधारणलाई आग्रह गर्दछ ।'

आगामी फागुन २१ गते हुने आसन्न प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा विगत केही दिनयता विभिन्न राजनीतिक दलका जिम्मेवार व्यक्तिबाट एकअर्काप्रति आक्षेप लगाउने, घृणाजन्य अभिव्यक्तिहरू दिने तथा एक अर्काप्रति गरिएको अमर्यादित आरोपप्रत्यारोप प्रति आयोगले ध्यानाकर्षण भएको जनाएको छ ।

'यस प्रकारका घृणाजन्य अभिव्यक्तिले अराजकतालाई प्रश्रय दिने र निर्वाचनको समयमा शान्तिसुरक्षामा समेत असर पर्ने देखिन्छ' -विज्ञप्तिमा भनिएको छ- 'नेपालको संविधान र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरुले अभिव्यक्ति तथा विचारको स्वतन्त्रताको प्रत्याभूति गरेको भएता पनि अरुको मर्यादामा चोट पुग्ने र शान्ति सुरक्षामा आँच पुग्न सक्ने विषयलाई विशुद्ध विचार र अभिव्यक्ति स्वतन्त्रताको मात्र विषय मान्न सकिँदैन ।'

आयोगले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा पर्नसक्ने असरप्रति जिम्मेवार व्यक्तिले सधैँ ध्यान पुऱ्याउनुपर्नेमा जोड दिएको छ ।

# बिर्तामोडमा ब्राउनसुगरसहित दुई युवक पक्राउ



**बिर्तामोड, माघ १४।** बिर्तामोडमा प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित दुई युवक पक्राउ परेका छन् ।

बिर्तामोड नगरपालिका-२ त्रिशुल चोकस्थित इन्द्र राजवंशीको घरमा डेरा लिई बस्ने बाह्रदशी गाउँपालिका-६ घर भएका २५ वर्षीय दिपक कार्की र ३५ वर्षीय मनकुमार राजवंशी पक्राउ परेका हुन् ।

कार्कीको कोठाभित्र लागूऔषधको कारोबार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा लागूऔषध ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्दा उक्त कोठाभित्र बसिरहेका राजवंशीको साथमा प्लास्टिक बाहेक एक ग्राम सात सय मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

दुई थान मोबाइल र मे १ ह ५५६२ नम्बरको अटोसहित कार्की र राजवंशीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरी कार्यालय झापाले जनाएको छ ।

# 'झापा गोल्डकपलाई प्रतियोगिताबाट फुटबल प्रणालीतर्फ लैजान चाहन्छु'



बिनोद बस्नेत स्मृति सातौं संस्करणको झापा गोल्डकप माघ २४ गतेदेखि फागुन ४ गतेसम्म डोमालाल राजवंशी रंगशालामा आयोजना हुँदैछ । यस संस्करणलाई विशेष बनाएको छ । अध्यक्ष **केदार गिरी**को नेतृत्वमा पहिलो पटक प्रतियोगिता आयोजना हुँदैछ । झापा गोल्डकपलाई लिएर उठ्दै आएका आलोचना, अपेक्षा र भविष्यको योजनाबारे अध्यक्ष गिरीसँग **पूर्वाञ्चलकर्मी बिनोद पाण्डे**ले लिएको अन्तरवार्ताको सम्पादित अंश :

**अध्यक्ष भएर पहिलो पटक गोल्डकप गर्दै हुनुहुन्छ । यो अघिल्ला संस्करणको निरन्तरता हो कि नयाँ दिशा ?**

- झापा गोल्डकपको पहिचान र परम्परा निरन्तरता हो, तर व्यवस्थापन र सोचमा परिवर्तन आवश्यक थियो । यो संस्करणमा हामीले पारदर्शिता, स्थानीय सहभागिता र दीर्घकालीन फुटबल विकासलाई केन्द्रमा राखेका छौं । परिवर्तन एकैपटक देखिँदैन, तर दिशा परिवर्तन भइसकेको छ ।

**'जनताको उत्सव' भनिए पनि जनउत्साह अपेक्षाकृत कम देखिएको टिप्पणी हुने गरेको छ नि ?**

- अत्यन्त सान्दर्भिक प्रश्न गर्नुभयो । यसलाई आंशिक रूपमा स्वीकार्छु । समग्र खेल वातावरण, आर्थिक अवस्था र प्रचारको पहुँचले असर पारेको छ । तर यसलाई बहानाका रूपमा लिँदैनौं । अब खेलप्रेमी, विद्यालय, कलेज र स्थानीय क्लब केन्द्रित अभियान बढाउँछौं ।

**गोल्डकपबाट भएको आर्थिक आम्दानी झापाकै फुटबल विकासमा कति खर्च हुन्छ ?**

- यो संस्करणपछि कम्तीमा ४० प्रतिशत रकम झापाकै फुटबल विकासमा लगानी गर्ने योजना छ । युवा प्रशिक्षण, स्थानीय लिग र क्लव सुदृढीकरण हाम्रो प्राथमिकता हो ।

**आर्थिक पारदर्शिताबारे उठ्ने प्रश्नमा सार्वजनिक अडिट सम्भव छ ?**

- निश्चय नै । प्रतियोगिता सम्पन्न भएपछि स्वतन्त्र अडिटरमार्फत अडिट गरी सार्वजनिक गर्ने प्रतिबद्धता गर्छु । झापा गोल्डकप कुनै व्यक्तिको होइन, सामुहिक संस्था हो ।

**स्थानीय सरकारको साथ किन दीर्घकालीन पूर्वाधारमा रूपान्तरण हुन सकेन ?**

- सहयोग आएको छ, तर निरन्तरता र दीर्घकालीन सम्झौता अभाव थियो । अब पालिकासँग बहुवर्षीय पूर्वाधार सहकार्य मोडेलमा अघि बढ्दैछौं ।

**निर्णय प्रक्रिया केही सीमित व्यक्तिमा केन्द्रित भएको आरोप लाग्छ नि ?**

- विगतमा कमजोरी भएको हुन सक्छ । अहिले हामीले उप-समिति प्रणाली लागू गरेका छौं । निर्णय प्रक्रिया संस्थागत बनाउने प्रयासमा छौं । विगतका कमजोरीलाई सुधार गरेर लैजाने छौं ।

**तपाईं अध्यक्ष हुँदा पनि पुरानै व्यवस्थापनशैली दोहोरिएको आलोचना छ नि ?**

- अनुभव भएका व्यक्तिहरू दोहोरिएका हुन्, तर संरचना नयाँ छ । अनुभव र सुधारको सन्तुलन बिना संस्था अघि बढ्दैन ।

**बाहिरी टिमलाई प्राथमिकता, स्थानीयलाई बेवास्ता गरिएको आरोपबारे के भन्नुहुन्छ ?**

- अबदेखि स्थानीय खेलाडी सहभागितालाई न्यूनतम ५० प्रतिशत सुनिश्चित गर्ने नीति बनाइएको छ । झापाली खेलाडी बिना झापा गोल्डकप सम्भव छैन ।

**वर्षौंसम्म पनि झापाबाट राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन सीमित हुनु असफलता होइन ?**

- केबल प्रतियोगिताले खेलाडी उत्पादन हुँदैन । त्यसैले गोल्डकपलाई विकास कार्यक्रमसँग जोड्दैछौं । अण्डर-१७ र अण्डर-१९ कार्यक्रम यही वर्षबाट शुरु हुँदैछन् ।

**कार्यकाल सकिँदा झापालीले 'अध्यक्ष फेरिएपछि गोल्डकप बदलियो' भन्न सक्ने एउटै आधार के छ ?**

- यदि झापाली युवाले गोल्डकपलाई आफ्नो भविष्यको बाटो देख्न थाले, त्यही मेरो सफलता हुनेछ । मेरो नाम होइन, झापाको फुटबल प्रणाली बलियो बनोस् भन्ने चाहना हो । त्यसैले झापा गोल्डकप प्रतियोगिता होइन प्रणालीतर्फ अगाडि बढ्ने छ ।



# अरुण तेस्रो आयोजनामा कार्यरत एक मजदुर मृत फेला

**संखुवासभा, माघ १४।** संखुवासभाको मकालु गाउँपालिका-५ फ्याक्सिन्दास्थित अरुण तेस्रो जलविद्युत् आयोजनाका एक मजदुर मृत फेला परेका छन् ।

आयोजनाको ड्यामसाइड फ्याक्सिन्दामा कार्यरत मजदुर मृत अवस्थामा भेटिएका हुन् । उत्तर दक्षिण कोशी राजमार्गको नालिमा मोरङ केराबारी गाउँपालिका-१० घर भई हाल अरुण तेस्रोको ड्यामसाइड फ्याक्सिन्दामा कार्यरत २२ वर्षीय बाउट तामाङ मृत फेला परेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक धनबहादुर राजवंशीले जानकारी दिए ।

तामाङको शव उत्तर दक्षिण कोशी राजमार्गको नालीमा मृत अवस्था फेला परेको प्रहरी जनाएको छ । शव परीक्षणका लागि जिल्ला अस्पताल संखुवासभा ल्याइएको र घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# भारतमा निपाह भाइरस नियन्त्रणमा

**झापा, माघ १४।** भारतका स्वास्थ्य अधिकारीहरूले पश्चिम बङ्गाल राज्यमा निपाह भाइरसका दुई सङ्क्रमण पुष्टि भए पनि अवस्था समयमै नियन्त्रणमा ल्याइएको जानकारी दिएका छन् ।

भारतको स्वास्थ्य मन्त्रालयले विज्ञप्तिमा उन्नत निगरानी, प्रयोगशाला परीक्षण तथा क्षेत्रीय अनुसन्धान मार्फत सङ्क्रमण फैलिन नदिइएको स्पष्ट पारेको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार जनावरबाट मानिसमा सर्ने निपाह भाइरसको हालसम्म कुनै खोप उपलब्ध छैन र यसबाट हुने मृत्युदर ४० देखि ७५ प्रतिशतसम्म हुनसक्ने बताइएको छ ।


## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## होटल समृद्धि सुरुङ्गा

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

## कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

## मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

## वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
## प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
**१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :**
**हामीले प्रदान गर्ने सेवाहरू :**
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

**निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !**
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

United International Group
## UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

## सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)